नेपाल सरकार
कृषि ,भूमि व्यवस्था तथा सहकारी मन्त्रालय

# नापी विभाग

(योजना तथा अनुगमन शाखा)

☎४६२२७१३
४६२२५६२
४६२२७३३
फ्याक्सः ४६२२९५७
ईमेलः info@dos.gov.np
वेभः www.dos.gov.np

पत्र संख्याः २/१
चलानी नंः ३१६

मितिः २०७४।११।३०

**विषयः फिल्ड रेखांकन तथा हाल साविक निवेदन सम्बन्धमा ।**

**श्री नापी कार्यालय,**
**सबै ।**

उपरोक्त सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट आ.व. ०७३।७४ को लेखापरीक्षणमा औल्याईएका फिल्ड रेखाङ्कन तथा हालसाविक सम्बन्धी बेरुजुका सम्बन्धमा यस विभागको गम्भीर ध्यानाकर्षण भएको छ । फिल्ड रेखांकन तथा हाल साविक प्रयोजनको लागि नापी कार्यालयमा दाखिल हुन आएका निवेदनहरूको व्यवस्थीत लगत राखी शुसासन (व्यवस्थापन तथा संचालन) नियमावली २०६५, सम्बन्धित निर्देशिका एवं नागरीक वडापत्रमा उल्लेख भए वमोजिम कार्य फछ्यौंट गर्नु पर्नेमा केही नापी कार्यालयहरुमा सो हुन नसकेको भनी लेखा परीक्षणमा औल्याइएको विषय यस विभागको अनुगमनबाट समेत देखिएको छ । तसर्थ अव उप्रान्त प्रचलित कानूनी व्यवस्था वमोजिम नापी कार्यालयमा दाखिल हुन आएका फिल्ड रेखांकन र हालसाविक सम्बन्धी निवेदनको रेकर्ड अध्यावधिक राखी तोकिए वमोजिमको समय सीमाभित्र कार्य फछ्यौंट गर्न सबै नापी कार्यालयहरूलाई निर्देशन दिईन्छ । हालसम्म फछ्यौंट हुन नसकेका फिल्ड रेखांकन तथा हालसाविक सम्बन्धी निवेदनहरूको लगत समेत अध्यावधिक राखी कार्य सम्पन्न हुन बाँकी निवेदनहरू प्रचलित कानून वमोजिम ३ महिनाभित्र फछ्यौंट गरी सोको जानकारी यस विभागमा गराउन समेत निर्देशन दिईन्छ । साथै, उपरोक्त वमोजिम नगर्ने, नगराउने कर्मचारीलाई प्रचलित कानून वमोजिम विभागीय कारवाही गरिने व्यहोरा समेत यस नापी विभागको मिति २०७४।११।३० को निर्णयानुसार अनुरोध छ ।

**अनिल मरासिनी**
**निर्देशक (प्रा.)**